# कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०७८) को बाह्य र आन्तरिक पक्षका आधारमा अध्ययन

लक्ष्मी ढुङ्गेल

उप प्राध्यापक, पथरी बहुमुखी क्याम्पस

Email: laxmee2064@gmail.com

Received: August 25, 2024 Revised: February 7, 2025 Accepted: May 5, 2025

**सार**

माध्यमिक शिक्षा कक्षा १० को वर्तमान समयको नेपाली भाषा पाठ्यपुस्तक आन्तरिक र बाह्य विशेषताले के कति सबल वा दुर्बल रहेको छ भन्ने कुरामा केन्द्रित भएर यो अनुसन्धानात्मक लेख तयार पारिएको छ । यो लेख गुणात्मक अनुसन्धानको पुस्तकालयीय विधिमा आधारित रहेको छ । यसका साथै पाठ्यपुस्तकको प्रयोग अवस्थालाई प्रत्यक्ष अवलोकनद्वारा पनि अध्ययनलाई अगाडि बढाइएको छ । यस लेखलाई पूर्णता दिनका लागि कक्षा १० को नेपाली पाठ्यपुस्तक २०७८ लाई प्राथमिक स्रोतका रूपमा र अन्य सामग्रीलाई द्वितीय स्रोत मानेर सामग्री सङ्कलन गरिएको छ । पाठ्यपुस्तक विश्लेषण गर्दा बाह्य पक्षअन्तर्गत बनोट र स्वरूप, अक्षरको आकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ कागतको स्तर, मूल्य र सुलभता तथा विषयसूचीका बारेमा अध्ययन गरिएको छ । त्यस्तै पाठ्यपुस्तकका आन्तरिक पक्षअन्तर्गत विषयवस्तु र पाठ्यवस्तु, शब्दभण्डार, भाषा, अभ्यास, चित्र लगायतका पक्षको अध्ययन गरिएको छ । वर्तमान समयमा यस पाठ्यपुस्तकले सिकारुको स्तर, रुचि, क्षमता तथा अवश्यकतालाई सम्बोधन गर्न के कति सक्षम रहेको छ भन्ने कुराको खोजीमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । विगतका भाषा पाठ्यपुस्तकका तुलनामा भाषिक सिप सिकाउन यसको भौतिक र प्राज्ञिक पक्ष कत्तिको सबल छ भन्ने कुरालाई पनि यस अध्ययनमा नियाल्ने चेष्टा गरिएको छ । भाषा पाठ्यपुस्तकका बाह्य र आन्तरिक पक्षको गहन अध्ययन गरी समग्रमा पाठ्यपुस्तक सामान्य भाषिक सिपको विकास गराउन मात्र नभएर विशिष्ट किसिमका भाषिक प्रकार्यको विकास गराउनसमेत उपयोगी रहेको निष्कर्ष निकालिएको छ ।

*प्रमुख शब्दहरू* : पाठ्यपुस्तक, प्राज्ञिक, भौतिक, विश्लेष्य, विषयवस्तु

## परिचय

कुनै पनि तह, कक्षा तथा विषयवस्तुको अध्ययन अध्यापन गर्ने उद्देश्यले लेखिएको ग्रन्थ नै पाठ्यपुस्तक हो । पाठ्य र पुस्तक दुई शब्द मिलेर बनेको पाठ्यपुस्तक शब्दको शाब्दिक अर्थ विद्यालय तथा विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचिक ढङ्गले पढाउने पुस्तक भन्ने हुन्छ (कडेल, २०७८) । पाठ्यपुस्तकको एउटा विशिष्ट रूप भाषा पाठ्यपुस्तक हो । विद्यालयमा विद्यार्थीहरूले औपचारिक रूपमा पढ्नुपर्ने पुस्तक पाठ्यपुस्तक हो । पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्देशित हुन्छ । पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न सहयोग पुर्याउने भरपर्दो साधन पाठ्यपुस्तक हो । भाषिक सिप सिकाउने उद्देश्यले तयार पारिएको पाठ्यपुस्तक भाषा पाठ्यपुस्तक हो । यो शिक्षक तथा विद्यार्थी दुवैका लागि उपयोगी हुन्छ । पाठ्यपुस्तक पूर्ण रूपले उपयोगी भरपर्दो तथा विश्वसनीय हुनका लागि पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताले युक्त हुनुपर्छ । विद्यालय तहका पाठ्यपुस्तकले अझ आवश्यकता र स्तरलाई अवलम्बन गर्न सकेको हुनुपर्दछ । भाषा पाठ्यपुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक आवश्यकता पूरा गर्ने गरी तयार गरिएको हुन्छ । भाषिक सिप सिकाइको सरल, सहज, विश्वसनीय, सुलभ, रुचिपूर्ण र भरपर्दो साधन पाठ्यपुस्तक हो । भाषा पाठ्यपुस्तक शिक्षकका लागि शिक्षण सामग्रीको निर्माता र विषयवस्तु पढाउने साधन मानिन्छ । त्यस्तै विद्यार्थीको मूल्याङ्कन गर्ने आधार, सरल, सहज ढङ्गले भाषिक सिप शिक्षण गर्ने सामग्री र भाषा पाठ्यक्रमका अपेक्षा पूरा गर्ने माध्यम पनि भाषा पाठ्यपुस्तक हो । भाषा पाठ्यपुस्तकको प्रमुख उद्देश्य भाषिक सिप सिकाउनु हो भने गौण उद्देश्य विषयवस्तु सिकाउनु हो । विषयगत र विधागत विविधता कायम गरी साहित्यिक र साहित्येत्तर दुवै किसिमका सामग्री समावेश गरेर भाषा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । भाषिक र भाषेत्तर विषयको संयोजन गरी पर्याप्त अभ्यास र आवृत्तिको अवसर दिई भाषिक सिपहरू हासिल गराउने माध्यम भाषा पाठ्यपुस्तक हो । विभिन्न विषयवस्तुका माध्यमबाट भाषाका बोध र अभिव्यक्ति पक्षको विकास गराउनका लागि तयार गरिएको पुस्तक नै भाषा पाठ्यपुस्तक हो । “यसले विद्यार्थी, शिक्षक, अभिभावक, निरीक्षक र प्रशासकको गन्तव्य र काम कर्तव्यलाई निश्चित र आश्वस्त पार्दछ । समसामयिक आवश्यकता र भावी चुनौतीको सहज सामना गर्न सक्ने योग्य र सक्षम नागरिक उत्पादन गर्ने महत्वपूर्ण कडीका

रूपमा पनि पाठ्यपुस्तकलाई लिन सकिन्छ" (ढकाल, २०७३, पृ.११५) । भाषा पाठ्यपुस्तकमा समावेश गरिने विभिन्न विधाहरूले प्रत्यक्ष अप्रत्यक्ष वा अन्य किसिमले भाषिक सिप सिकाउने संयुक्त प्रयास गरेका हुन्छन् । "सिपपरक, सिर्जनात्मक, उत्पादनात्मक, अभिनयात्मक र मौलिक हुनुका साथै बाह्य तथा आन्तरिक संरचनाबाट निर्मित हुनु नै भाषा पाठ्यपुस्तकको स्वरूप हुन्छ" (कडेल र जोशी, २०७४, पृ.८१) ।

भाषा शिक्षण भाषिक सिपको शिक्षण भएकाले भाषिक सिपको विकास गराउने विभिन्न विधाहरू समावेश गरी भाषा पाठ्यपुस्तक तयार गरिन्छ । भाषा पाठ्यपुस्तकले निर्धारित भाषिक विषयवस्तुलाई सङ्गठित गरी विद्यार्थी अनुकूलका पाठ्यांशमा ढालेर क्रमबद्ध र व्यवस्थित ढङ्गको भाषिक सिप र ज्ञान सिकाउने उद्देश्य राखेको हुन्छ । शिक्षकलाई योजनाबद्ध र प्रभावकारी शिक्षण विधि छनोट गरी शिक्षण गर्न र विद्यार्थीलाई भाषिक सिपको अभ्यास गर्न सहयोग पुऱ्याउने भएकाले भाषा पाठ्यपुस्तकलाई भाषा शिक्षण सिकाइको भरपर्दो, प्रभावकारी र व्यवस्थित पाठ्यसामग्रीका रूपमा चिनाउन सकिन्छ ।

पाठ्यपुस्तक उपयुक्त/अनुपयुक्त के कस्तो रहेको छ भनी विभन्न आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ । पाठ्यपुस्तकको भौतिक स्वरूप कस्तो छ तथा आन्तरिक पक्ष विद्यार्थीको रुचि, स्तर तथा क्षमताअनुकूल छ छैन भनेर गरिने अध्ययन विशलेषणलाई पाठ्यपुस्तक विश्लेषण भनिन्छ । विद्यार्थीको सिकाइ कार्यमा प्रत्यक्ष उपयोगी तथा शिक्षकलाई समेत आफ्नो शैक्षणिक गतिविधलाई अघि बढाउन सहयोग पुऱ्याउने भाषा  पाठ्यपुस्तक विश्लेषणसँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धान  तथा विश्लेषण विगतदेखि नै हुँदै आएका पाइन्छन् । भाषिक सिपको विकासका लागि उपयोगी ठानिएको भाषा पाठ्यपुस्तकको बाह्य र आन्तरिक आधारमा विश्लेषण गरी त्यसमा आवश्यक परिवर्तन र परिमार्जन गर्ने हेतुले शिक्षा शास्त्र सङ्कायको स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रममा समेत यसलाई समावेश गरिएको पाइन्छ । ढकाल (२०७३), पोखरेल र काफ्ले (२०७५) तथा कडेल (२०७८) ले वि.सं. २०२८ अघि र २०२८ पछिका विभिन्न समयका पाठ्यपुस्तकको बाह्य र आन्तरिक पक्षको विश्लेषण गरेको पाइन्छ । हालसम्म प्राप्त अध्ययन विश्लेषणलाई हेर्दा २०७३ सालसम्मका भाषा पाठ्यपुस्तकको मात्र  अध्ययन विश्लेषण गरिएको

पाइन्छ । यस लेखमा भने वि.सं. २०७८ को कक्षा १० को पाठ्यपुस्तक आन्तरिक र बाह्य विशेषताका आधारमा के कस्तो रहेको छ भनी अध्ययन गरिएको छ । माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ ले विगतको पाठ्यक्रममा परिष्कार र परिमार्जन गरी सक्षमतामा आधारित पाठ्यक्रम निर्माण गरेपछि सोही आधारमा तयार पारिएको पाठ्यपुस्तक वर्तमान समयमा के कति सान्दर्भिक रहेको छ सो कुरा नियाल्ने चेष्टा गरिएको छ। पाठ्यपुस्तक विश्लेषणसँग सम्बन्धित प्रस्तुत अध्ययन निम्न उद्देश्यहरूको प्राप्तिमा केन्द्रित रहेको छ :

(क) भाषा पाठ्यपुस्तकको स्वरूप चिनाउन,

(ख) भाषा पाठ्यपुस्तकका बाह्य विशेषताका आधारमा माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ अनुसारको कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्न,

(ग) भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताका आधारमा माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ अनुसारको कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्न ।

प्रस्तुत अध्ययन माध्यमिक शिक्षा कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७८ को अध्ययनमा केन्द्रित रहेको छ । भाषा पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताहरूका आधारमा वर्तमान कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन सीमित गरिएको छ ।

## सैद्धान्तिक आधार

हरेक विषयवस्तु आआफ्नै विशिष्ट संरचनामा आबद्ध हुन्छन् । त्यसैगरी पाठ्यपुस्तकको पनि आफ्नै ढाँचा रहेको हुन्छ । यो शिक्षण सिकाइमा उपयोग गरिने व्यवस्थित र आधारभूत सामग्री भएकाले यसका पनि आफ्नै भौतिक र प्राज्ञिक पक्षहरू रहेका हुन्छन् । भाषा शिक्षणको आधारभूत र महत्त्वपूर्ण सामग्री भाषा पाठ्यपुस्तक हो । अन्य विषयका पाठ्यपुस्तकले विषयगत ज्ञान सिकाउन मद्दत गरे जस्तै भाषा पाठ्यपुस्तकले भाषिक सिप सिकाउन मद्दत गर्दछन् । भाषा पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री भाषा पाठ्यपुस्तक भएकाले यो बाह्य र आन्तरिक गुणले युक्त हुनुपर्दछ । भाषा पाठ्यपुस्तक विद्यार्थीको तह, रुचि, उमेर तथा स्तरअनुरूप छ कि छैन भनेर अध्ययन गर्ने मूल आधार नै

पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषतालाई मानिन्छ । भाषा पाठ्यपुस्तकको स्वरूपभित्र आबद्ध निम्न बाह्य र आन्तरिक विशेषता पर्दछन् :

(क) बाह्य विशेषता : बनोट, अक्षरको आकार, ठाउँ छोडाइ र अन्तराल, छपाइ र बँधाइ, कागतको स्तर, मूल्य, सुलभता, विषयसूचीलगायत अन्य आवश्यक सूचना

(ख) आन्तरिक विशेषता :

(अ) स्तरगत उपयुक्तता : विषयवस्तु वा पाठ्यवस्तु, विधाहरूको छनोट, शब्दभण्डार, भाषा, अभ्यास, चित्र, अन्य

(आ) प्रस्तुतीकरणगत उपयुक्तता : छनोट र स्तरण (ढकाल, २०७३, पृ. ११६) । अतः पाठ्यपुस्तक विश्लेषणका यिनै अवधारणालाई आधार बनाई कक्षा १० नेपाली भाषा पाठ्यपुस्तक २०७८ को अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानसँग  सम्बन्धित भएकाले पाठ्यपुस्तक विश्लेषण गर्ने प्रमुख आधार भाषा पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषतालाई लिइएको छ । यसमा नेपाली भाषा पाठ्यपुस्तक २०७८ को दोस्रो संस्करणको भौतिक पक्ष र प्राज्ञिक पक्षको अध्ययन गरिएकाले वर्तमान कक्षा १० नेपाली भाषा पाठ्यपुस्तकलाई प्राथमिक स्रोतका रूपमा राखिएको छ । त्यस्तै विविध पाठ्यपुस्तक, सन्दर्भपुस्तक, लेख रचना, शब्दकोश आदिलाई द्वितीय वा सहायक स्रोतका सामग्रीका रूपमा राखिएको छ । विभिन्न किसिमका आधिकारिक सामग्रीहरू सङ्कलन गरी अध्ययन कार्यलाई सुव्यवस्थित तथा वस्तुनिष्ठ पारिएको छ । पुस्तकालयीय विधिमा आधारित प्रस्तुत अध्ययनमा मूलतः विश्लेषणात्मक र वर्णनात्मक पद्धतिबाट अध्ययनलाई पूर्णता दिइएको छ ।

## नतिजा र छलफल

माथि उल्लेख गरिएका विधि तथा सैद्धान्तिक आधारलाई आधार बनाएर माध्यमिक शिक्षा २०७८ को कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन गरिएको छ ।

## पाठ्यपुस्तकका बाह्य विशेषता

भाषा पाठ्यपुस्तकका बाह्य विशेषतालाई भौतिक वा परिधीय विशेषता पनि भनिन्छ। आन्तरिक विशेषताका तुलनामा बाह्य विशेषतालाई त्यति महत्त्वका नठानिए पनि सिकारुको ध्यानाकर्षण गराउन तथा आन्तरिक गुणलाई बचाउन बाह्य विशेषतालाई महत्त्वपूर्ण ठानिन्छ। माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ९ र १०) अनुसार तयार गरिएको कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (दोस्रो) संस्करणको बाह्य पक्षलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

### *बनोट*

पाठ्यपुस्तकको बनोटले आकारप्रकारलाई जनाउँछ। पाठ्यपुस्तकको बनोटअन्तर्गत मुख्य रूपमा आवरण पृष्ठ तथा आकार पर्दछन्। वर्तमान समयको कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको आवरण पृष्ठको बिच भागमा हलका पहेँलो रङको पृष्ठभूमिमा परम्परागत र आधुनिक सिकाइ पद्धतिलाई झल्काउने चित्रको प्रयोग गरिएको छ। जसमा एकातिर प्रविधिमैत्री सिकाइ प्रणाली देखाइएको छ भने त्यसको केही माथितिर बायाँपट्टि परम्परागत गुरुकुल प्रणालीअनुसारको सिकाइमा साधु जस्ता देखिने व्यक्तिले मयुरको प्वाँख मसीमा चोबेर स्लेटमा लेख्दै गरेको तस्बिर देखाइएको छ। आवरण पृष्ठको माथिल्लो भागमा पाब्लो पिकासोले बनाएको चित्रको सानो अंश प्रस्तुत गरिएको छ। त्यसको मुनिपट्टि आकासे निलो अक्षरममा नेपाली र हरियो रङको अक्षरमा १० लेखिएको छ। आवरण पृष्ठको तल, माथि र बिचमा थोरै थोरै भागमा गाढा निलो रङको प्रयोग छ। आवरण पृष्ठको पछाडिपट्टि नेपालको नक्सा राखिएको छ। भाषा पाठ्यपुस्तकको आवरण पृष्ठले भाषिक सिपगत पक्षभन्दा विषयवस्तुगत पक्षलाई देखाएको अनुभव हुन्छ। एफोर साइज अर्थात् डिमाइ आकारको यो पाठ्यपुस्तक आकारगत दृष्टिले उपयुक्त छ।

### *अक्षरको आकार, ठाउँ छोडाइ र अन्तराल*

“भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरको आकार, ठाउँ छोडाइ र अन्तरालले टङ्कणसम्बन्धी प्रविधिलाई जनाउँछ। भाषा पाठ्यपुस्तकको आन्तरिक गुणलाई मलजल गर्ने काममा यी सहयोगी हुन्छन” (पोखरेल र काफ्ले २०७५, पृ.९६)। सिकारुको कक्षा उमेर तहअनुसार अक्षर आकार र अन्तराल फरक फरक हुन्छ। सामान्यतः माध्यमिक तहका पाठ्यपुस्तकमा मुख्य पाठमा

प्रयोग गरिने अक्षरको आकार १४ प्वाइन्ट हुनु उपयुक्त मानिन्छ । त्यस्तै पाठ्यपुस्तकका भित्री पृष्ठको कागजको तल, माथि, दायाँ र बायाँमा पनि उपयुक्त खालको अन्तराल हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा अक्षर-अक्षर, शब्द-शब्द, पङ्क्ति-पङ्क्ति र अनुच्छेद-अनुच्छेदबिच कक्षाअनुसार उपयुक्त अन्तराल हुनुपर्दछ । वर्तमान कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा मूल पाठमा १४ प्वाइन्टका अक्षर रहेका छन् भने शब्दार्थमा केही साना अक्षर प्रयोग गरिएका छन् । पाठ शीर्षकमा भने २० प्वाइन्टका अक्षरको प्रयोग पाइन्छ । दायाँ बायाँको किनारा छोडाइ उपयुक्त नै रहेको देखिन्छ । पाठ्यपुस्तकको तल माथिको ठाउँ छोडाइ पनि अनुपयुक्त छैन । अक्षर, शब्द, पङ्क्ति आदिका बिचको अन्तराल पनि उपयुक्त नै छ । अनुच्छेद छुट्याउँदा अन्तराल बढाइएको छ तर बायाँ किनारा भने छोडिएको छैन । यस अघिका पाठ्यपुस्तकमा अनुच्छेदका लागि अङ्क दिइएको थियो तर यस पाठ्यपुस्तकमा त्यसलाई हटाइएको छ । समग्रमा अक्षरको आकार, ठाउँ छोडाइ र अन्तरालका दृष्टिले पाठ्यपुस्तक उपयुक्त रहेको छ ।

***छपाइ र बँधाइ***

भाषा पाठ्यपुस्तक छाप्ने कामसम्बन्धी प्राविधिक पक्षलाई छपाइ भनिन्छ  भने पाठ्यपुस्तकका पानालाई उपयुक्त किसिमले बाँध्ने कामलाई बँधाइ भनिन्छ (पोखरेल र काफ्ले, २०७५) । भाषा पाठ्यपुस्तकमा कालो मसीको प्रयोगलाई नै उपयुक्त मानिए पनि रङ्गीन पाठ्यपुस्तक आकर्षक हुने भएकाले यो पाठ्यपुस्तक पनि रङ्गीन बनाइएको छ । पाठ शीर्षकलाई कालो गाढा गरिएको छ । पाठ सङ्ख्यालाई गुलाबी पृष्ठभूमिमा सेतो अक्षर राखिएको छ । लेखकको नाम, नयाँ शब्द, शब्दार्थ र अभ्यास खण्डका शीर्षकका लागि गुलाबी रङको प्रयोग गरिएको छ । अभ्यास खण्डमा कतै गाढा निलो र कतै हलुका निलो रङको प्रयोग गरिएको पाइन्छ । अन्य ठाउँमा भने कालो मसीको नै प्रयोग गरिएको छ । चित्रहरूसमेत रङ्गीन भएकाले पाठ्यपुस्तक झट्ट हेर्दा आकर्षक नै देखिन्छ तर मसीको मात्रा नमिलेका कारण कतिपय ठाउँमा छपाइ शुद्ध हुन सकेको छैन । पृष्ठ सङ्ख्यामा राखिएको पृष्ठभूमि कतै हरियो, कतै गाढा निलो तथा कतै फिका निलो रहेको छ र त्यसमा कालो रङमा पृष्ठ सङ्ख्या राखिँदा धेरै ठाउँमा अस्पष्ट रहेको छ । कागतको स्तरले पनि छपाइ प्रभावित देखिन्छ ।

भाषा पाठ्यपुस्तकका पानालाई राम्रोसँग पल्टाउन मिल्ने गरी र अक्षरहरू नछोपिने गरी बाँध्ने कामलाई बँधाइ भनिन्छ । पाठ्यपुस्तक बँधाइका लागि बलियो धागो स्टेप्लर वा गमको प्रयोग गर्नुपर्दछ (पोखरेल र काफ्ले, २०७५) । विश्लेष्य पाठ्यपुस्तकको बँधाइ त्यति बलियो देखिँदैन । दुई वटा स्टेपलरको प्रयोग गरी आवरण पृष्ठ गमले टालिएको छ । सियो धागोले बलियोसँग सिलाएको भए पाठ्यपुस्तकका पाना उप्किने डर हुँदैन थियो । बँधाइका दृष्टिले यो पाठ्यपुस्तक कमसल किसिमको देखिन्छ ।

***कागतको स्तर***

पाठ्यपुस्तकको अर्को महत्त्वपूर्ण पक्ष कागतको स्तर पनि हो । पाठ्यपुस्तकमा चिल्लो, सेतो र बाक्लो कागतको प्रयोग गर्दा छपाइ पनि आकर्षक र प्रभावकारी हुन्छ । खस्रो, पातलो र कमसल किसिमको कागतको प्रयोग गरिएकाले छपाइ प्रभावित हुनुका साथै पाठ्यपुस्तक चाँडै च्यातिने डर पनि हुन्छ (पौडेल, २०७३) । वर्तमान माध्यमिक तहको पाठ्यपुस्तकमा गुणस्तरीय कागतको प्रयोग पाइँदैन । कमसल कागतको प्रयोग भएकै कारण कतिपय ठाउँमा छपाइ शुद्ध हुन सकेको छैन । अक्षर स्पष्ट नहुने, मसी दुवैतिर देखिएर पढ्न अप्ठ्यारो हुने जस्ता समस्या यस पाठ्यपुस्तकमा देखिन्छन् । यस पाठ्यपुस्तकको आवरण पृष्ठको कागत लगभग १५ ग्राम जतिको तथा भित्री पृष्ठको लगभग ५४ ग्राम जतिको सामान्य किसिमको पाइन्छ । कागतको स्तरले पाठ्यपुस्तकको गुणस्तर खस्किएको अनुभव हुन्छ ।

***मूल्य***

पाठ्यपुस्तकलाई प्रभावकारी र उपयोगी बनाउने अर्को महत्त्वपूर्ण पक्ष त्यसको मूल्य पनि हो । नेपाल जस्तो गरिब मुलुकका बालबालिकाका लागि तयार गरिने पाठ्यपुस्तक नाफा कमाउने उद्देश्यले उत्पादन गर्नु उपयुक्त हुँदैन । विद्यालय तहको पाठ्यपुस्तक चर्को मूल्य तिरेर किन्नु पर्ने भयो भने सर्वसाधारण जनताका छोराछोरी विद्यालय शिक्षाबाट नै वञ्चित हुन्छन् । "पाठ्यपुस्तकको मूल्य मुनाफारहित र लगानी खर्च उठाउने उद्देश्यले मात्र न्यूनतम मात्रामा तय गरिनु पर्दछ" (पौडेल, २०७३, पृ.२६८) । विश्लेष्य पाठ्यपुस्तकमा मूल्य तोकिएको छैन । माध्यमिक तहका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने भएका कारण मूल्य किटान नगरिएको हुन सक्छ तर

कहिलेकाहीँ विद्यार्थीले पुस्तक किन्नै पर्ने बाध्यता भयो भने चर्को मूल्य तिर्नुपर्ने हुन्छ । पाठ्यपुस्तकमा मूल्य नतोकिएकाले बिक्री वितरण केन्द्र तथा पसलहरूले जथाभावी रूपमा चर्को मूल्य लिने गरेको पाइन्छ । उपयुक्त मूल्य किटान नगरिनु यस पाठ्यपुस्तकको कमजोरी हो ।

***सुलभता***

शैक्षिक सत्र सुरु हुनु अगावै पर्याप्त मात्रामा सबै विद्यालयहरूमा पुऱ्याउन सक्नु तथा खोजेको बेलामा जताततै सजिलैसँग प्राप्त हुनु नै पाठ्यपुस्तकको सुलभता हो । नेपाल जस्तो भौगोलिक विविधतायुक्त देशमा पाठ्यपुस्तकको सुलभता सबै ठाउँमा एकैनासको छैन । भनेको समयमा पाठ्यपुस्तक उपलब्ध भएन भने जतिसुकै राम्रो भए पनि त्यसको उपादेयता रहँदैन र देशको शैक्षिक आवश्यकता पनि अपेक्षित रूपमा अघि बढ्न सक्दैन (पौडेल, २०७३) । त्यसैले पाठ्यपुस्तक सुलभ हुनु पर्दछ । विगतका तुलनामा वर्तमान समयका पाठ्यपुस्तक विगतका तुलनामा सर्व सुलभ भए पनि शैक्षिक सत्रको मध्यतिर कारणवश पाठ्यपुस्तक किन्नुपर्ने अवस्था आयो भने प्राप्त गर्न निकै मुस्किल पर्छ । वर्तमान कक्षा १० नेपाली पाठ्यपुस्तकमा पनि कतिपय ठाउँमा यो समस्या देखिन्छ ।

***विषयसूची***

पाठ्यपुस्तकमा राखिएका विभिन्न विधाका पाठहरूको सूचीलाई विषयसूची भनिन्छ । कुन पाठ कुन पृष्ठमा छ भनी खोज्न र अध्ययन अध्यापन गर्न सजिलाका लागि विषयसूचीको समुचित व्यवस्था गरिनु पर्दछ । भाषा पाठ्यपुस्तकको विषयसूचीमा शीर्षक, विधा, लेखक तथा पृष्ठ सङ्ख्या दिनु उपयुक्त हुन्छ । विश्लेष्य पाठ्यपुस्तकको विषयसूचीमा शीर्षक, विधा र पृष्ठ सङ्ख्या दिइएको छ तर लेखकको नाम भने दिइएको छैन । विधाका लेखकको नामसमेत विषयसूचीमा राख्दा उपयुक्त हुने देखिन्छ ।

**पाठ्यपुस्तकका आन्तरिक विशेषता**

पाठ्यपुस्तकको स्तरीयता तथा उपयुक्तताको मापन गर्ने विशेषतालाई पाठ्यपुस्तकका आन्तरिक विशेषता भनिन्छ । आन्तरिक विशेषतालाई प्राज्ञिक विशेषता पनि भनिन्छ । भाषा पाठ्यपुस्तकको वास्तविक गुण भनेकै आन्तरिक वा प्राज्ञिक विशेषता हो (कडेल, २०७८) । भौतिक

रूपमा पाठ्यपुस्तक जतिसुकै आकर्षक भए पनि आन्तरिक रूपमा भाषिक सिप शिक्षणका दृष्टिले प्रभावकारी नभए त्यसको कुनै महत्त्व रहँदैन । भाषा पाठ्यपुस्तक सजाउनका लागि नभएर भाषिक सिप प्राप्तिका लागि आवश्यक हुने भएकाले भाषा पाठ्यपुस्तक आन्तरिक विशेषाताले युक्त हुनुपर्दछ । माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ अनुसार तयार पारिएको कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा रहेका आन्तरिक विशेषताहरूको निम्न दुई रूपमा अध्ययन गर्न सकिन्छ :

***स्तरगत उपयुक्तता***

भाषा पाठ्यपुस्तकलाई स्तरीयता वा उपयुक्तता प्रदान गर्ने विशेषताहरूमा विषयवस्तु वा पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, अभ्यास, चित्रलगायतका कुराहरू पर्दछन् ।

**विषयवस्तु वा पाठ्यवस्तु :** विषयवस्तु र पाठ्यवस्तुलाई कतिपय सन्दर्भमा एउटै मानिए पनि यिनीहरूको अर्थ, प्रकृति र प्रयोजन भिन्न रहेको छ । विषयवस्तुले व्यापकतालाई बुझाउँछ भने पाठ्यवस्तुले त्यसको अंशलाई बुझाउँछ । “भाषा पाठ्यपुस्तकमा विषयवस्तु साधन हुन्छ भने पाठ्यवस्तु साध्य हुन्छ । विषयवस्तुलाई भाषिक सिप, सोच र समझका लागि उपयोग गर्नु पाठ्यवस्तु हो” (कडेल, २०७८, पृ.८६) । भाषा पाठ्यपुस्तकमा राखिने साहित्यिक र साहित्येत्तर विषयवस्तुलाई विभिन्न विधामा ढालेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपको विकास गराउन सकिन्छ । विषयवस्तुलाई आधार बनाएर श्रुतिबोध, श्रुतिलेख, सस्वरवाचन, मौन पठन, द्रुत पठन, शब्दार्थ, पठनबोध, शब्दनिर्माण, शब्द रूपायन, वाक्य संरचना, काल, भाव, पक्ष, वाच्य, बुँदा टिपोट, सिर्जनात्मक लेखन आदि पाठ्यवस्तु प्राप्त गर्न सकिन्छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ कक्षा १० ले नेपाली भाषा पाठ्यक्रमका लागि निम्न विधा र विषय क्षेत्र किटान गरेको छ :

| विधा | | क्षेत्र |
|---|---|---|
| कविता | : | नीति चेतनामूलक (१ पद्य), श्रम /संस्कृति (१ गीति), |
| समाज /मानवमूल्य | : | (१ गद्य) |
| कथा | : | ऐतिहासिक / पौराणिक(१), मनोवैज्ञानिक(१), सामाजिक(२) |
| निबन्ध | : | वस्तुपरक (१ चिकित्सा), आत्मपरक (१ कानुन र शिक्षा), |

हास्यव्यङ्ग्य (१)

जीवनी : राष्ट्रिय (२) /अन्तराष्ट्रिय (१)

रूपक : मनोवाद(१), वादविवाद(१), एकाङ्की (१ सांस्कृतिक/सामाजिक)

व्यावहारिक लेखन : व्यावसायिक चिठी (१)

भाषिक संरचना र वर्णविन्यास : भाषिक संरचना (पदवर्ग, पदवर्ग विचलन, धातु, धातुको कृदन्त रूप, सकर्मक र अकर्मक क्रिया, प्रत्ययद्वारा शब्दनिर्माण, समास र विग्रह, द्वित्व शब्द, अर्थ र संरचनाका आधारमा कारक, विभक्ति, भाव, उद्देश्य र विधेय, सरल र जटिल वाक्य, वाच्य, करण अकरण, नाम धातु, प्रत्यक्ष अप्रत्यक्ष कथन, उक्ति परिवर्तन, पद सङ्गति, व्याकरणिक कोटिका आधारमा वाक्यान्तरण, पदक्रम, वाक्यान्तरण, वाक्य संश्लेषण विश्लेषण आदिको पहिचान र प्रयोग), वर्णविन्यास ह्रस्व इकार/उकार, दीर्घ ईकार/ऊकार, छ्य/क्ष, पदयोग/पदवियोग, श/ष/स, य/ए, ब/व, रि/ऋ,ग्यँ/ज्ञ, हलन्त/अजन्त, चन्द्रबिन्दु/शिरबिन्दु, पञ्चम वर्ण, 'र' का विभिन्न रूप आदिको पहिचान र प्रयोग)

पाठ्यक्रमले निर्धारण गरेका उक्त विधा र क्षेत्रले विषयवस्तु जनाएका छन् । यिनै विधा र क्षेत्रअनुसारका विषयवस्तुसँग सम्बद्ध पाठ र अभ्यास पाठ्यपुस्तकमा राखिएको छ । पाठ्यक्रमले हरेक पाठसँग सम्बद्ध भाषिक बोध र अभिव्यक्तिसँग सम्बन्धित पाठ्यवस्तु तथा भाषिक प्रकार्य पनि किटान गरेको छ । त्यसैले उक्त विधा र क्षेत्रसँग सम्बद्ध भएर सस्वर पठन, मौन पठन, शब्दार्थ, शब्दभण्डार, घटना वर्णन, प्रश्नोत्तर, समीक्षात्मक उत्तर लेखन, श्रुतिबोध, श्रुतिलेखन, संवाद लेखन, व्यावहारिक लेखन, बुँदा टिपोट सारांश लेखन आदि पाठ्यवस्तु प्राप्त गर्नुका साथै विनयशीलता, कारण र प्रभाव, आज्ञा आदेश, अनुभूति, अभिप्रेरणा, सम्प्रेषण, उत्सुकता, सम्मान, दृष्टिकोण, आह्वान, सम्भावना, उत्साह, व्यङ्ग्य, संवेग, सद्भाव, समस्या समाधान जस्ता भाषिक प्रकार्यको समेत विकास गराउन सक्ने देखिन्छ । विभिन्न विधासँग सम्बद्ध पाठहरू समय सान्दर्भिक लाग्छन् । भाषिक सिपको विकासका लागि राखिएका विषयवस्तु व्यावहारिक जीवनसँग सम्बद्ध भएकै कारण विषयवस्तु र पाठ्यवस्तुका दृष्टिले पाठ्यपुस्तक उपयुक्त देखिन्छ । चिकित्सा विज्ञान र आयुर्वेद

चिकित्सा, यस्तो कहिल्यै नहोस्, मेरो देशको शिक्षा, आयाम, गाउँमाथि एउटा कविता जस्ता पाठहरूले निकै नै विद्यार्थीहरूलाई आकर्षण गरेको अनुभूति हुन्छ । समसामयिक र व्यावहारिक जीवनसँग सम्बद्ध यी पाठका विषयवस्तुले विद्यार्थीहरूमा विशेष किसिमको प्रभाव पार्न सफल भएका छन् ।  पाठ १३ मा राखिएको भैरव अर्यालको 'पख्नोस्' निबन्धको विषयवस्तु भने केही जटिल महसुस हुन्छ । समग्रमा वर्तमान समयको कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक विषयवस्तु र पाठ्यवस्तु दृष्टिले उपयुक्त रहेको छ ।

**पाठको प्रस्तुतीकरणमा विविधता :** विश्लेष्य पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेका विधा र तिनीहरूका क्षेत्रलाई उपयुक्त ढङ्गले क्रम निर्धारण गरिएको छ । यसभन्दा अघिको २०७३ को पाठ्यपुस्तकमा पहिलो पाठ कथा राखिएको थियो तर यस पाठ्यपुस्तकमा कविता राखिएको छ । विभिन्न विधाका १७ वटा पाठ राखिएको छ । पहिलो संस्करणमा १६ वटा पाठ राखेर सुनाइ पाठ दिइएको थियो तर दोस्रो संस्करणमा त्यसलाई परिमार्जन गरी एउटा राष्ट्रिय जीवनी (सन्दुक रुइत) थप गरी १७ वटा पाठ राखिएको छ । सुनाइ पाठलाई भने पाठ्यपुस्तकबाट हटाएर श्रव्य सामग्री बनाई वेबसाइटमा राखिएको छ । हरेक विधाका एक एक वटा पाठपछि खास पाठको अन्तरालमा अर्को विधा आवृत्त हुने गरी पाठ क्रमबद्ध गरिएका छन् । पाठ्यपुस्तकमा निम्नानुसार पाठको प्रस्तुतीकरण गरिएको छ :

> कविता (उज्यालो यात्रा), कथा (घर झगडा), निबन्ध (चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा), मनोवाद (यस्तो कहिल्यै नहोस्), जीवनी (लक्ष्मीप्रसाद देवकोटा), वादविवाद (अधिकार ठुलो कि कर्तव्य ठुलो ?), कथा (शत्रु), कविता (नेपाली हाम्रो श्रम र सिप), निबन्ध (मेरो देशको शिक्षा), चिठी (व्यावसायिक चिठी), कथा (कर्तव्य), जीवनी (पाब्लो पिकासो), निबन्ध (पख्नोस्), एकाङ्की (घरको माया), कविता (गाउँमाथि एउटा कविता), कथा (आयाम), जीवनी (सन्दुक रुइत) ।

पाठ्यवस्तु छनोट र स्तरणको सिद्धान्तका आधारमा हेर्दा यसरी गरिएको पाठको प्रस्तुतीकरण उपयुक्त किसिमको रहेको छ ।

**शब्दभण्डार :** भाषा पाठ्यपुस्तकको आन्तरिक पक्षको मूल्याङ्कन गर्ने अर्को आधार शब्दभण्डार हो । भाषाका बोध र अभिव्यक्तिगत पाठ्यवस्तुहरू तयार गर्नका लागि शब्दभण्डारको उचित संयोजन र सङ्गति हुनु आवश्यक हुन्छ । पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डार विद्यार्थीको भाषिक पृष्ठभूमि, स्तर र आवश्यकताअनुरूप हुनु पर्दछ । विद्यार्थीको स्तर बढ्दै जाँदा नयाँ शब्द थप गर्दै जानु पर्दछ । सामान्यतः प्रत्येक नयाँ पाठमा ८० प्रतिशत पुराना शब्द राखी २० प्रतिशत नयाँ शब्द थप गर्दै लैजानु पर्दछ (पौडेल, २०७३) । त्यस्तै शब्दभण्डारअन्तर्गत पर्यायवाची शब्द, विपरीतार्थी शब्द, श्रुतिसमभिन्नार्थी शब्द, लघुतावाची शब्द, अनेकार्थी शब्द, सिङ्गो शब्द आदि पर्दछन् । विश्लेष्य पाठ्यपुस्तकमा शब्दभण्डारको सन्तुलन मिलाउन खोजिएको छ । यसमा २५१ वटा नयाँ शब्द राखिएको छ । त्यस्तै पाठ्यपुस्तकमा तत्सम, तद्भव र आगन्तुक तीन वटै स्रोतका शब्द दिइएको छ । पाठको प्रकृतिअनुकूल शब्दभण्डारको व्यवस्था गरिएको छ । 'उज्यालो' यात्रा कवितामा बढी तत्सम शब्दको प्रयोग पाइन्छ भने 'पाब्लो पिकासो' जीवनीमा आगन्तुक शब्दको प्रयोग बढी मात्रामा पाइन्छ । शब्दभण्डारअन्तर्गत पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, लघुतावाची, सिङ्गो शब्द आदि दिइएको छ ।

**भाषा :** विचार विनिमयको माध्यम भाषा हो । भाषाले कुनै पनि विषयवस्तुको बोध र अभिव्यक्तिमा महत्त्वपूर्ण भूमिका खेल्दछ । "भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने समग्र भाषिक संरचनालाई भाषा भनिन्छ । प्रयुक्त भाषाको सरलता र जटिलताले पाठ्यपुस्तकको बोधगम्यतामा प्रभाव पार्दछ । यसर्थ पाठ्यपुस्तकको भाषा सरल र विद्यार्थीको क्षमताअनुकूल हुनुपर्छ" (पोखरेल र काफ्ले, २०७५, पृ.१००) । भाषा पाठ्यपुस्तकमा भाषालाई नै साधन र साध्य मानिने भएकाले भाषा पाठ्यपुस्तकको भाषिक संरचना विद्यार्थीले सहज रूपमा बुझ्ने किसिमको हुनुपर्छ । प्रारम्भिक कक्षाहरूका तुलनामा माथिल्ला कक्षाहरूमा क्रमशः विधागत तथा शैलीगत विविधता सिकाउने भाषा प्रयोगतर्फ उन्मुख हुनुपर्छ । "पाठ्यपुस्तकले पाठ्यक्रमका अपेक्षा र विद्यार्थीका भाषा सिकाइलाई सम्बलन गर्न सक्ने भाषा प्रयोग गर्नु आवश्यक छ र यसै आधारमा भाषा पाठ्यपुस्तकको स्तरयुक्तता र अनुपयुक्ततासम्बन्धी आन्तरिक विशेषताको पारख गर्न सकिन्छ" (पौडेल, २०७३, पृ.२७२) । विश्लेष्य पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेका विधा र तिनीहरूका क्षेत्रको हेक्का

राखी संयोजन गरिएका पाठहरूमा सम्प्रेष्य भाषाको प्रयोग गरिएको पाइन्छ। विद्यार्थीको स्तर, उमेर तथा कक्षाको स्तरलाई पनि ख्याल गरिएकाले यस पाठ्यपुस्तकमा प्रयुक्त भाषामा स्तरअनुकूलता भेट्न सकिन्छ। शब्दभण्डारको उचित सन्तुलन मिलाउनुका साथै अनुच्छेद वितरण, पाठ वितरण तथा सिलसिला बुनोटमा स्तरीयता कायम गर्ने प्रयास गरिएकै कारण यस पाठ्यपुस्तकको भाषा विद्यार्थीको स्तरअनुकूल देखिन्छ।

**नमुना अभ्यास :** भाषा शिक्षण भाषिक सिपको शिक्षण हो। सिप सिकाइका लागि नमुना अभ्यासको अवश्यकता पर्दछ। "भाषा पाठ्यपुस्तकका स्तम्भहरूमा नमुना अभ्यासको महत्त्वपूर्ण भूमिका हुन्छ। पाठ्यपुस्तकमा समाविष्ट पाठमा आधारित अभ्यासले विद्यार्थीमा भाषिक सिपको विकास गराउन सकिन्छ" (ढकाल २०७३, पृ.१६७)। भाषिक सिपमा सक्षमता हासिल गर्न महत्त्वपूर्ण भूमिका खेल्ने तत्त्व नै अभ्यास भएकाले पाठ्यपुस्तकमा पाठको प्रकृतिअनुकूल अभ्यासको व्यवस्था गर्नुपर्छ। विश्लेष्य पाठ्यपुस्तकमा नमुना अभ्यासलाई शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषिक संरचना र वर्णविन्यास तथा सिर्जना र परियोजना कार्य शीर्षकमा विभाजन गरेर राखिएको छ। भाषिक सिपको विकास गराउने अभ्यास खण्डलाई विभिन्न उपखण्डमा विभाजन गरी प्रस्तुत गरिएकाले यसलाई उपयुक्त मान्न सकिन्छ। अभ्यासमा विधा अनुरुपता, विविधता र पर्याप्तता कायम गर्ने प्रयास गरिएको छ। भाषिक प्रकार्यको विकासका लागि राखिएका अभ्यासहरूले व्यावहारिक सिपको विकास गराउने भएकाले निकै नै उपयोगी देखिन्छन्। यिनीहरूलाई हेर्दा सम्प्रेषणात्मक पद्धतिमा आधारित पाठ्यपुस्तक हो भन्न सकिन्छ। भाषिक संरचनाको शिक्षणका लागि नयाँ र रोचक ढङ्गले प्रस्तुत गरिएको देखिन्छ। उदाहरणका लागि पृष्ठ ९ मा रहेको 'पदवर्ग विचलनसम्बन्धी बैठक' लाई लिन सकिन्छ। त्यस्तै भाषिक संरचना र वर्णविन्यासका लागि अनुच्छेदसँग सम्बद्ध गराएर अभ्यास राखिनु यस पाठ्यपुस्तकको उल्लेखनीय पक्ष हो।

**चित्रहरू :** भाषा पाठ्यपुस्तकको अर्को विशेषता चित्रको प्रयोग पनि हो। चित्रले विषयवस्तुलाई स्पष्ट बनाउन सहयोग पुर्याउँछ। "अमूर्त, अदृश्य र भावात्मक विषयलाई मूर्त, दृश्य र वस्तुपरक स्वरूप दिने चित्रलाई सार्वभौम भाषाको रूपमा लिइन्छ" (ढकाल, २०७३, पृ.१२२)। शब्दद्वारा व्यक्त गर्न नसकिने कुरालाई स्पष्ट बनाउने सर्वोत्तम उपाय नै चित्र हो। भाषा

पाठ्यपुस्तकमा पनि चित्रको प्रयोग अनिवार्य मानिने भएकाले वर्तमान कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा पनि विषयवस्तुअनुकूलका चित्रहरूको प्रयोग गरिएको छ। पाठ्यपुस्तकमा प्रयोग भएका चित्रहरूको सङ्ख्या निम्नानुसार रहेको छ :

| पाठ | चित्र सङ्ख्या |
|---|---|
| पाठ १ | १ |
| पाठ २ | १ |
| पाठ ३ | १ |
| पाठ ४ | ० |
| पाठ ५ | ५ |
| पाठ ६ | १ |
| पाठ ७ | १ |
| पाठ ८ | १ |
| पाठ ९ | २ |
| पाठ १० | १ |
| पाठ ११ | १ |
| पाठ १२ | ४ |
| पाठ १३ | २ |
| पाठ १४ | २ |
| पाठ १५ | १ |
| पाठ १६ | १ |
| पाठ १७ | १ |

यसरी पाठ्यपुस्तकमा जम्मा २६ वटा चित्रको प्रयोग गरिएको छ। उक्त चित्रहरू विषयवस्तुलाई प्रस्ट्याउन सक्षम छन्। रङ्गीन चित्रहरूको प्रयोग गर्नु यो पाठ्यपुस्तकको सबल पक्ष हो। मसीको उपयुक्त संयोजन नहुँदा कतिपय चित्रहरू स्पष्ट हुन नसक्नु यसको कमजोर पक्ष हो।

**अन्य :** भाषा पाठ्यपुस्तकलाई स्तरीय, उद्देश्यमूलक र फलदायी बनाउनका लागि अन्य कुराहरूले पनि महत्त्वपूर्ण भूमिका खेल्दछन् । निर्देशन, भूमिका, सन्दर्भसूची, पारिभाषिक शब्दसूची, परिशिष्ट, सङ्केतसूची आदिले पनि भाषा पाठ्यपुस्तकको स्तरलाई प्रत्यक्ष परोक्ष रूपमा उकास्न सहयोग पुर्याउँछन् । विश्लेष्य पाठ्यपुस्तकमा पाठ्यक्रम विकास केन्द्रद्वारा पाठ्यपुस्तकको उद्देश्य, महत्त्व तथा कृतज्ञता प्रकट गरिएको छ । भाषा पाठ्यपुस्तकले भाषिक सिपको विकासलाई नै बढी महत्त्व दिने भएकाले सिपको विकासका लागि अतिरिक्त अभ्यासको पनि आवश्यकता पर्दछ । त्यसैले विश्लेष्य पाठ्यपुस्तकमा अभ्यास खण्डअन्तर्गत नै केही थप सामग्री प्रस्तुत गरिनु पाठ्यपुस्तकको सबल पक्ष हो । पाठ्यपुस्तकमा आवश्यक सूचना पनि दिन सकिएन भने त्यो पाठ्यपुस्तकको कमजोरी ठहर्छ । साहित्यिक विधाका लेखकको परिचय, सन्दर्भसूची, पारिभाषिक शब्दसूची आदि नदिइनु चाहिँ यस पाठ्यपुस्तकको कमजोर पक्ष मानिन्छ । सिकाइलाई सिपसँग जोड्न यी पक्षहरू महत्त्वपूर्ण हुन्छन् ।

***प्रस्तुतिगत उपयुक्तता***

पाठ्यपुस्तकको प्रस्तुतिगत उपयुक्तताअन्तर्गत छनोट र स्तरण पर्दछन् । “पाठ्यक्रमका मर्म र उद्देश्यअनुसार पाठ्यवस्तु छनोट औचित्य र तिनको स्तरण वा सङ्गठनका सन्दर्भमा पाठ्यपुस्तकहरूलाई नियाल्नु आवश्यक हुन्छ” (पौडेल, २०७३, पृ.२९६) । विविध विषय क्षेत्रबाट पाठ्यक्रमको मर्म र उद्देश्यअनुसार पाठ्यवस्तु चयन गरिएको छ कि छैन त्यस आधारमा पाठ्यपुस्तकको अध्ययन गरिनु पर्दछ । त्यस्तै चयन गरिएका पाठ्यवस्तुको स्तरण विद्यार्थीको स्तर, रुचि र सिकाइ अनुक्रमका आधारमा गरिएको छ छैन भनी अध्ययन गरिनु जरुरी हुन्छ ।

**छनोट :** विभिन्न विकल्पहरूमध्ये खास विकल्पको चयन गर्नु छनोट हो । ज्ञान विज्ञान, भाषा तथा साहित्यका विविध फाँटबाट भाषाको पठनपाठनका लागि छानिएका सामग्री उपयुक्त ढङ्गले प्रस्तुत गर्नुपर्छ । पाठ्यपुस्तकमा राखिने विषयवस्तुको छनोटले कुनै पनि पाठ्यपुस्तक के कति सबल वा दुर्बल रहेको सो मूल्याङ्कन गर्न सकिन्छ । पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको सिकाइ प्रकृति, क्षमता, रुचि, स्तर आदि कुराको ख्याल गर्नुपर्छ (पोखरेल र काफ्ले, २०७५) । विश्लेष्य पाठ्यपुस्तकमा राखिएका विषयवस्तुहरू पाठ्यक्रमले निर्धारण गरेको विधा, क्षेत्र र क्रमअनुसार नै निर्धारण गरिएका

छन् । पाठ्यपुस्तकमा समावेश गरिएका पाठ्यवस्तुहरू छनोटका बाह्य र आन्तरिक प्रभावकलाई ध्यानमा राखेर छनोट गरिएका छन् । माध्यमिक तहका तहगत सक्षमता तथा विषयगत सक्षमता पूरा गर्न सक्षम पाठ्यवस्तु चयन गरिएको अनुभव हुन्छ ।

**स्तरण :** पाठ्यवस्तुको छनोटले मात्र शिक्षण सिकाइका लागि पर्याप्त गोरेटो तयार नहुने हुँदा छनोटद्वारा सीमाङ्कित कच्चा माललाई व्यवस्थित अनुक्रममा ढालेर शिक्षण योग्य बनाई प्रस्तुत गर्ने काम स्तरणले गर्दछ (पौडेल, २०७३) । पाठ्यवस्तुको युक्तिसङ्गत स्तरणले मात्र सिकाइ सहज बनाउँछ । कुनपछि कुन पढाउने भनी क्रमबद्ध गर्नु नै स्तरण हो । भाषाका आधारभूत कुरा पहिले सिकेपछि मात्र अन्य कुरा सिक्न सकिने भएकाले भाषाको पाठ्यपुस्तकको स्तरण सरलदेखि जटिलको अनुक्रममा गर्नुपर्दछ । त्यस्तै भाषा शिक्षण सिपको शिक्षण भएकाले सिप सिकाइका लागि विषयवस्तु बारम्बार दोहोऱ्याउनु पर्दछ । भाषिक उच्चारको पटक पटक आवृत्ति गरी स्तरण गर्नुलाई चक्रीय स्तरण भनिन्छ । भाषा पाठ्यपुस्तकका लागि चक्रीय स्तरण आवश्यक हुने हुँदा वर्तमान कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा पनि चक्रीय स्तरण पद्धति अपनाइएको छ । सामाजिक कथाका तुलनामा ऐतिहासिक तथा मनोवैज्ञानिक कथा जटिल हुने भएकाले सामाजिक कथाभन्दा पछि ऐतिहासिक र मनोवैज्ञानिक कथा राखिनु उपयुक्त हुन्छ । विश्लेष्य पाठ्यपुस्तकमा भने पहिले ऐतिहासिक कथा त्यसपछि मनोवैज्ञानिक कथा अनि मात्र सामाजिक कथा राखिएको छ । यो त्यति उपयुक्त मानिँदैन ।

## निष्कर्ष

कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७८ को बाह्य तथा आन्तरिक पक्षको अध्ययन गरी समग्रमा पाठ्यपुस्तक के कस्तो रहेको छ भन्ने कुरालाई यस लेखमा नियाल्ने चेष्टा गरिएको छ । पाठ्यपुस्तकको आवरण पृष्ठ उपयुक्त रहेको छ । पाठ्यपुस्तकको भौतिक पक्षलाई नियाल्दा कागतको स्तर तथा छपाइ र बँधाइमा भने अलि कमजोरी देखिएको छ । बँधाइ उपयुक्त नभएकै कारण एक वर्ष नपुग्दै पाठ्यपुस्तकका पाना उप्किने समस्या देखिएको छ । त्यस्तै पाठ्यपुस्तकको न्यूनतम मूल्य नतोकिएका कारण बिक्री वितरणमा अनियमिततासमेत देखिन्छ । पाठ्यपुस्तकको महत्त्वपूर्ण पक्ष अर्थात् प्राण भनेकै आन्तरिक पक्ष हो । पाठ्यपुस्तकमा पाठ्यक्रमले किटान गरेका छ

वटा विधाका १७ वटा पाठ राखिएको छ । ती पाठहरूमा प्रयुक्त विषयवस्तु धेरै हदसम्म सान्दर्भिक देखिन्छन् । विद्यार्थीको स्तरअनुकूल तथा वर्तमान समयसापेक्ष पाठहरू चयन गरी प्रस्तुत गर्नु यस पाठ्यपुस्तकको मुख्य उपलब्धि पनि हो । पाठहरूको प्रस्तुतिमा भने सरलदेखि जटिलको अनुक्रमलाई पालना नगरिएको जस्तो अनुभूति हुन्छ । भाषा पाठ्यपुस्तकमा उपयुक्त स्तरणले मात्र भाषिक सिपको प्रभावकारी विकास हुने भएकाले उक्त कुरा सुधार गर्नुपर्ने देखिन्छ । त्यसैगरी पाठ्यपुस्तकमा भाषातत्त्वलाई भाषिक संरचना र वर्णविन्यास भनेर राखिएको छ । व्याकरण शब्दको सट्टा भाषिक संरचना भनेर राखिँदा व्याकरणका नियमभन्दा पनि भाषाको उपयुक्त र समुचित प्रयोग सिकाउन सहयोग पुग्ने देखिन्छ । यो यस पाठ्यपुस्तकको उल्लेख्य पक्ष हो । बोध क्षमताको अभिवृद्धिका लागि अनुच्छेदबाट प्रश्न निर्माण गर्न लगाइनु पनि राम्रो पक्ष मानिन्छ । अनुच्छेदबाट नै भाषिक संरचना पहिचान गर्न लगाउँदा भाषिक प्रयोगतर्फ उन्मुख भएको मानिन्छ । त्यस्तै गरी भाषिक प्रकार्यअन्तर्गत विभिन्न किसिमका सन्दर्भहरू दिएर शिष्टाचार, आज्ञा, अनुरोध आदि भाषिक प्रकार्य सिकाउन खोजिएको छ । बैङ्क भौचर भर्ने अभ्यास, इमेल लेखनको तरिका आदिले विद्यार्थीहरूमा थप व्यावहारिक सिपको विकास हुने देखिन्छ । सिर्जना र परियोजना कार्यले विद्यार्थीको सिर्जनात्मक क्षमताको विकास गराउने कुरामा दुई मत छैन । पाठ्यपुस्तकबाट सुनाइ पाठ हटाएर तिनको श्रव्य सामग्री तयार गरिनु र पाठ्यपुस्तकमा सुनाइ पाठसम्बन्धी प्रश्न मात्र राखिनु यस पाठ्यपुस्तकको अर्को सबल पक्ष हो । समग्रमा यो भाषा पाठ्यपुस्तक युगीन आवश्यकतालाई ध्यानमा राखेर तयार गरिएको, स्तरीय तथा पाठ्यक्रमले निर्धारण गरेका सक्षमता र सिकाइ उपलब्धिलाई पूरा गर्न सक्ने किसिमको देखिन्छ ।

## सन्दर्भ सामग्री

कँडेल, श्रीप्रसाद (२०७८), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति*, शुभकामना प्रकाशन ।

कँडेल, श्रीप्रसाद र जोशी, गणेशराज (२०७४), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति*, शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७३), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* पिनाकल पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *नेपाली कक्षा १०* (पाठ्यपुस्तक) ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७५), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।